बालअधिकार तथा संरक्षण कार्यविधि,२०७८
स्वर्गद्धारी नगरपालिका, प्युठान

प्रस्तावना :

बालबालिकाको हक हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्बर्द्धनका लागि नेपालको संविधान संघीय कानुनमा भएका प्रावधानहरुको कार्यान्वयन सहित स्थानीय तहद्धारा तिनका बालबालिकाको अधिकारको प्रचलनद्धारा बालबालिकालाई संरक्षण प्रदान गरी तिनका बालमैत्री स्थानीय सुशासन प्रवर्द्धन गरी बालबालिकाको सर्वोतम हित र सर्वाङ्गीण विकास सुनिश्चित गर्न स्थानीय कार्यविधि जारी गरी कार्यान्वयन गर्न बान्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०६ (१) (ङ) अनुसार यो कार्यविधि बनाइएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१)यो कार्यविधिको नाम स्थानीय बाल अधिकार संरक्षणकार्यविधि, २०७८ रहेको छ ।

(२)यो कार्यविधिलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सान्दर्भिकता अनुरुप हुने गरी परिमार्जनका साथ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहको कानुन निर्माण विधिबमोजिम आफ्नो क्षेत्र भित्रका कानुनको रुपमा जारी गरे अनुसार लागु रहनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क)“उपप्रमुख” भन्नाले स्थानीय तहको उपप्रमुख सम्झनु पर्दछ ।

ख)“ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

ग)“कार्यविधि” भन्नाले बालअधिकार संरक्षण कार्यविधि २०७८ लाई सम्झनु पर्दछ ।

घ)“तोकिएको वा तोकिएबमोजिम” भन्नाले संघीय, प्रदेश वा स्थानीय कानुनमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ । सो पदावलीले कार्यविधिको कार्यान्वयनको सिलसिलामा स्थानीय तहको कार्यपालिकाले तोकेको तोकिए बमोजिमको समेत जनाउछ ।

ङ)"परिवार" भन्नाले एकाघरका आमा, वुवा, हजुरवुवा, हजुरआमा, दाजु, भाई, दिदि, बहिनी सम्झनु पर्छ । संरक्षक वा माथवरका संरक्षणमा रहने बालबालिकाको हकमा सो शब्दले संरक्षक वा माथबरलाई समेत जनाउछ ।

च)"बाल अधिकार समिति" भन्नाले ऐनको दफा ६० बमोजिम गठित बाल अधिकार समिति सम्झनुपर्दछ ।

छ)"बाल कल्यान अधिकारी" भन्नाले दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्दछ ।

ज)"बाल कोष" भन्नाले ऐनको दफा ६४ को उपदफा ४ अनुसार कार्यविधिको परिच्छेद ९ बमोजिमको कोष सम्झनुपर्दछ ।

झ)"बालगृह" भन्नाले ऐनको दफा ५२ अनुसारको बालगृह सम्झनुपर्दछ ।

ञ)"बालगृह" मापदण्ड भन्नाले ऐनको दफा ५२ बमोजिमका मापदण्ड सम्झनुपर्दछ ।

ट)"बालबालिका" भन्नाले १८ वर्ष उमेरसम्मका व्यक्ति सम्झनु पर्दछ ।

ठ)"बालसंस्था" भन्नाले कार्यविधि बमोजिम स्थानिय तहमा दर्ता भई स्थानीय क्षेत्रमा संचालनमा रहेका वा संचालन हुने बाल क्लब वा संस्था सम्झनुपर्दछ । सो पदावलीले त्यस्ता क्लब वा संस्थाहरुको संचालनलाई समेत जनाउदछ ।

ड)"मनोसामाजिक सेवा" भन्नाले बाल मनोबैज्ञानिक, विशेषज्ञ मनोसामाजिक परामर्शकर्ताद्धारा गरिने आकलन, लेखाजोखा, विमर्श, प्रेषण, निदान र उपचार सम्बन्धी सेवा सम्झनु पर्छ ।

ढ)"विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

ण)"सेवाप्रदायक" भन्नाले स्थानीय तहको क्षेत्रभित्र सेवा प्रवाह गरीरहेका वा प्रवाह गर्ने दायित्व भएका सरकारी कार्यालय, स्वास्थचौकी, विद्यालय स्रोतकेन्द्र, प्रहरीचौकी तथा यस्ता अन्य सार्वजनिक निकायहरुलाई सम्झनु पर्दछ । सो पदावलीले सार्वजनिक सेवा प्रदान गर्ने निजि क्षेत्रबाट संचालित बैंकिङ वा सुचना सञ्चार सम्बन्धि सेवा प्रदायकलाई समेत जनाउछ ।

त)"संस्था" भन्नाले स्थानीयतहको क्षेत्रभित्र बाल गृह वा बाल सुधारगृह संचालन गर्ने संघ सस्था सम्झनुपर्दछ । सो शब्दले बाल अधिकार संरक्षण र सम्बद्धर्नका लागि कानुन बमोजिम संचालित गैरसरकारी र सामुदायिक संस्थालाई समेत जनाउछ ।

परिच्छेद २

बाल अधिकार तथा संरक्षण सम्बन्धी आधारभूत सिद्धान्तहरुः

३. बाल संरक्षणका आधारभूत सिद्धान्तहरुः स्थानीयतहको क्षेत्र भित्र बालबालिकाहरुको अधिकारको सम्मान र संरक्षण तथा परिपुर्ति गर्ने प्रयोजनमा बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरुलाई अवलम्बन गर्नेछ ।

क)मर्यादापुर्ण व्यवहार गर्नेः प्रत्येक बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा व्यक्तिगथ गोप्यता खण्डित हुन नदिई व्यवहार गर्ने ।

ख)निर्विभेदताः प्रत्येक बालबालिकालाई निज वा निजका आमावुवा वा संरक्षकको वर्ण, जातजाति, लिङ्ग, यौनिकता भाषा, धर्म उत्पति, वैचारिक आस्था, क्षेत्र सम्पति, फरक क्षमता वा अपांगता जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहित रुपमा तिनको उमेर सुहाँउदो व्यवहार गर्ने ।

ग)बालबालिकाको सर्वोत्तम हितः बालबालिका सँग सम्बन्धि कुनै निर्णय गर्नुपर्दा उनिहरुको सर्वोतम हितलाई प्राथमिकता दिने ।

घ)व्यक्तिगत विवरणको गोपनियता पालना गरिनेः बालबालिकाको नाम सहित व्यक्तिगत पहिचान सम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिबारका सदस्य वा संरक्षक र कानुनबमोजिम अख्तियार प्राप्त अधिकारीबाहेक अन्यको पहुँचको विषय हुनेछैन । तर व्यत्तिगत पहिचान नखुल्ने बालबालिकाको एकीकृत तथ्याङ्कको रुपमा बालबालिका सम्बन्धी विविधिकृत तथ्याङ्क सरोकारवालाई स्थानीय तहबाट प्राप्त हुनेछ ।

परिच्छेद ३

बाल अधिकारको संरक्षण तथा प्रचलन

४. बाल अधिकारको संरक्षण गर्नुपर्नेः (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरुको संरक्षण र प्रचलन ऐनको दफा ६४ बमोजिम गर्न गराउन सक्नेछ ।

५. आवश्यक सेवा प्रवाह सुनिश्चित गर्ने : (१) बाल अधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनको लागि स्थानीय तहले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाको लागि निम्न अनुसारको सेवा सुलभ र सुनिश्चित रुपले प्रवाह गर्नेछ :

(क) गर्भवति महिलाको स्वस्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुवैको नियमीत स्वास्थ्य स्याहार तथा पोषणको बन्दोबस्त ;

(ख) राष्ट्रिय खोप तालिका बमोजिमको सेवा ;

(ग) क्षेत्रभित्रका स्वास्थ्य संस्थाद्धारा निःशिल्क परिक्षण तथा औषधि सुविधासतिको त्रैमासिक रुपमा विद्यालय स्वास्थ्य शिविर सञ्चावलन ;

(घ) क्षेत्रभित्रका बालबालिकाहरुलाई सामाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने समाजसेवी र मनोविज्ञानका सूचिकरण र उपलब्ध जनशक्तिको अध्यावधिक अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह ;

(ङ) हिंसा, परित्याग वा अन्य दुर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालिन स्याहारको बन्दोबस्त ;

(च) विपत तथा प्रकोप (भूकम्प,बाढि,पहिरो,आगलागि,वन्यजन्तुको आक्रमण) प्रभावित ुबालबालिकाको उद्धार, उपचार तथा अल्पकालिन स्याहार सहायता ;

(छ) स्थानीय चाडपर्व, विवाह, भोज मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा ;

(ज) क्षेत्रभित्रका बालबालिकाको निर्वाध जन्मदर्ता ;

(झ)विशिष्टीकृत सेवा उपलब्ध हुने निकाय वा सेवाप्रदायक समक्ष प्रेषण तथा सिफारिस;

ञ) आपतमा परेका, वेवारिस फेलापरेका वा हरायका बालबालिकाको तत्काल खाज, उद्धार, उपचार, तथा अल्पकालिन स्याहार सहायता ;

(ट) बालहित तथा बालमैत्री बातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोबस्त ।

(२) स्थानीय तहको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक, सामाजिम वा नीजि सेवा प्रदायक निकाय, संस्था विद्यालयहरुमा बालमैत्री सेवाप्रवाह तथा बालबालिका विरुद्धका कुनैपनि प्रकारका हिंसा तथा दुर्व्यवहार रोकथाम तथा निवारणमा स्थानीय तहले बालअधिकार संरक्षण मापदण्ड निर्माण गरी लागु गर्न गराउने छ ।

(३) क्षेत्रभित्रका बालबालिकाको संरक्षणका लागि स्थानीय तहले देहाय बमोजिमका उपायहरु अबलम्बन गर्ने छ :

(क)विदयालयमा राजनीतिक गतिविधि गर्न र बालबालिकालाई दलगत राजनीतिक कृयाकलापमा सहभागी गराउने कार्यलाई निषेद गर्ने ;

(ख)विद्यालय उमेर समुहका बालबालिकालाई विदयालय भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्ने परिपाटिको अन्त्यको प्रयास राख्ने;

(ग)बालबालिकाको उपस्थित रहने विद्यालय तथा अन्य सेवा प्रवाह हुने स्थानमा तिनका लागि सफा खानेपानी, आरामकक्ष, शौचालय तथा किशोरीका लागि मासीक श्रावकवच (प्याड) सहितका प्राथमिक स्वास्थ्य उपचार सामग्रीको वन्दोबस्त गर्ने ;

(घ)विद्यालय र समुदायमा बालबालिका विरुद्ध हुन सक्ने सबै प्रकारका हानिको रोकथाम तथा भयरहित शिक्षण तथा समुदायिक सिकाईकालागि बालक्लब मार्फत बालबालिकामा रचनात्मक क्रियाकलापको प्रोत्साहन गर्ने ;

(ङ)बालबालिका विरुद्ध हुन सक्ने हिंसा, दुव्यवहार तथा शोषणको अन्त्यका लागि समुदायमा आधारीत संरक्षण प्रणाली क्रियाशिल बनाउने र प्रषेण प्रणालीलाई प्रभावकारी पार्ने ;

(च)स्थानीय तहका जनप्रतिनिधी तथा कर्मचारी वडाका जनप्रतिनिधी वा कर्मचारीलाई बालअधिकार तथा बालमैत्री व्यवहार र बालमैत्रीशासन सम्बन्धी प्रशिक्षित गर्ने ;

(छ)बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा स्थानीय तहको योजना तथा बार्षिक कार्यक्रममा समावेश गरि नियमीत चालुराख्नु पर्ने ;

(ज) प्रत्येक वडामा बाल उद्यान र खेलमैदान, पुस्तकालय तथा वाचनालयहरुको व्यवस्था तथा संचालन गर्ने ;

(झ)क्षेत्रभित्रका ४ देखि ५ वर्ष उमेरका बालबालिकाहरुलाई प्रारम्भिक बाल विकास केन्द्र र ६ देखि १३ वर्ष उमेर सम्मका बालबालिकाहरुलाई अनिवार्य विदयालय भर्ना गर्ने र नियमीत विदयालय पठाउने बन्दोवस्त गर्ने ;

(ञ)बालविवाह तथा बालश्रमको प्रयोजनजस्ता कानुनद्धारा निषेद गरिएका क्रियाकलापहरुको निगरानी तथा कानुनी कारबाहिका लागी प्रेषण प्रणाली ;

(ट) स्थानीय तहको क्षेत्रभित्र कसैले परिच्छेद ३ अनुसारको पुरा नगरेमा ऐनको दफा ६४ बमोजिम पीडित बालबालिकाको तर्फबाट निवेदन परेमा न्यायीक समीतिले आवश्यक कारबाही गरी बाल अधिकार प्रचलन गराउनेछ ।

६.क्षेत्रभित्रका बालबालिका सम्बन्धी अध्यावधिक तथ्याङ्कीय विवरण राख्ने :

(१)स्थानीय तहले आफ्ना क्षेत्रभित्रका १८ वर्ष उमेर पुरा नभएका सबै बालबालिकाको खण्डीय एकीकृत (युनिफाईड डिसईन्ट्रीग्रेड) तथ्याङ्कीय विवरण अद्यावधिक हालतमा राख्नेछ ।

(२)स्थानीय तहले यस्तो तथ्याङ्कीय अद्यावधिक विवरण वडागत रुपमा राख्न वडासमिति वडाअध्यक्ष र वडा कार्यालयहरु लाई निर्दिष्ट गर्न सक्नेछ ।

(३)बालबालिकाको खण्डीकृत तथ्याङ्कीय विवरण नगरस्तरीय तथा वडास्तरीय बाल संजालको सहयोग लियर पनि नगरपालिकाले संकलन गर्न सक्नेछ ।

(४)बालबालिकाको खण्डीय एकीकृत तथ्याङ्क विवरण अनुसूचि १ बमोजिमको ढाँचामा राखिनेछ ।

७. बालमैत्री संरचना तथा अभ्यासको सूनिश्चितता :

(१)बालबालिकाले प्रत्येक सहभागि हुने र सेवा लिने निकायहरु वा सेवाप्रदायकका संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चित गर्न स्थानीय तहले मन्त्रालयले जारी गरेको मापदण्डबमोजिम बालमैत्री अवस्थाको भौतिक प्राविधिक तथा मानवीय सहजताको लेखाजोखा गर्नेछ ।

(२)लेखाजोखा प्रतिवेदनको आधारमा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र बालबालिका रहने वा बालबालिकालालाई सेवा प्रदान गर्ने निकाय वा सेवा प्रदायक संस्थाको भौतिक संरचनालाई बालमैत्री हुने गरी निर्माण गर्न वा मर्मत सुधार गर्न लगाउन सक्नेछ ।

(३)बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायकलाई सेवा प्रवाह बालमैत्री बनाउन स्थानीय तहले निर्देशन दिन, क्षमता विकास तथा सुधारकार्यका लागि सहायता प्रदान गर्न वा आवश्यक सहजिकरण गर्न सक्नेछ ।

परिच्छेद ४

बालबालिकाको विशेष संरक्षण तथा पुनःस्थापना

८. बैकल्पिक हेरचाहको प्रवन्धः

(१)स्थानीय तहले आफ्नो क्षेत्रमा फेला परेका विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि ऐनको दफा ४९ बमोजिम बैकल्पिक हेरचाहको प्रबन्ध गर्नेछ ।

(२)ऐनको दफा ४८(१) खण्ड (क) (ङ) सम्म उल्लेखि भएमा कुनै पनि बालबालिका स्थानीयतहको ईलाकामा असंरक्षित वा वेवारिसे अवस्थामा रहेको सूचना प्राप्त हुनासा बाल कल्याण अधिकारीले बैकल्पिक हेरचाहको प्रवन्ध यथाशिघ्र मीलाउनु पर्नेछ ।

(३)बैकल्पिक हेरचाहको प्रवन्धको प्राथमीक विचार गर्दा बालकल्याण अधिकारीले सर्वप्रथम हेरचाह आवश्यक भएको बाबु वा आमातर्फको नातेदार मध्ये सबभन्दा नजिकको नातामा पर्नेको प्राथमिकतालाई प्रश्रय दिनुपर्नेछ र मुलुकी देवानी संहिता २०७४ को भाग ३ पारिबारीक कानुन सम्बन्धी परिच्छेद ६ को संरक्षक र परिच्छेद ७ को माधवरसम्बन्धी व्यवस्थाले निर्देशन गरे अनुसारका बालबालिका अधिकार संरक्षित हुने गरी हेरचाहको प्रवन्ध मिलाउनुपर्नेछ ।(४) नजिकको नातेदारमार्फत बैकल्पिक हेरचाह सम्भव नभएमा त्यस्तो बालबालिकालाई हेरचाह गर्न ईच्छुक परिबार र व्यक्तिको संरक्षत्वमा रहने गरि हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ ।

(५)ऐनको दफा (१) को खण्ड (च) र (छ) अनुसारका बालबालिकाका लागि बैकल्पिकथ हेरचाहका लागी यतासम्भव परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

(६)पारिवारीक हेरचाह गर्ने संस्था नभएमा बालगृहमा त्यस्ता बालबालिकाको वैकल्पिक हेरचाह गराउने प्रवन्ध मिलाउनुपर्नेछ ।

(७)स्थानीयतहको क्षेत्रमा कसैले अनाथ, वेवारिसे वा स्याहार संरक्षण गर्ने बाबु आमा वा अभिभावक नभएको बालबालिका फेला परेमा वा रहेको भए जानकारी भएमा अनुसूचि २ बमोजिमको ढाँचामा विवरण सहित बालकल्याण अधिकारी वा स्थानीय प्रहरी कार्यालयलाई सूचना उपलब्ध गराईदिनु पर्दछ ।

(८)बालगृहको स्थापना तथा संचालनः

(१)स्थानीय तहले आफ्नो क्षेत्रभित्र फेला परेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बालगृह स्थापना र संचालन गर्न सक्नेछ ।

(२)आफ्नो क्षेत्रभित्र परोपकारको उदेश्यले कानुन बमोजिम कुनै संस्थाले अनाथ बालश्रम/ अनाथालय वा बालगृह संचालनमा ल्याएमा वा संचालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षण आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणार्थ पठाईएको बालबालिकालाई त्यस्तो बालआश्रम आनाथालय वा बालगृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(३)अनाथ बालआश्रम वा अनाथालय वा बालगृहको भौतिक पुर्वाधार, बन्दोवस्ती जनशक्ति तथा संचालन बालगृह मापदण्ड बमोजिम हुनेछ ।

परिच्छेद ५

बाल सहभागीता तथा बालक्लव सञ्चालन

९. बाल सहभागितको अभ्यास :

(१)स्थानीय तहले बालबालिकालाई आफुलाई असर पार्ने विषयमा आफ्नो धारणा बनाउन र व्यक्त गर्न सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाबाट गरिने बालबालिका सम्बन्धी निर्णय प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गर्नेछ ।

(२)बाल सहभागिता प्रवर्द्धनका लागि स्थानीय तहबाट देहायका उपायहरु अवलम्बन गरिनेछः

(क)बालबालिका सँग सम्बन्धित नीति निर्माण,योजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिका सँग वडास्तरीय सहभागितात्मक छलफल गर्ने,

(ख)बाल सुरक्षा, शिक्षा र खेलकुद लगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जुमा गरी लागुगर्ने र त्यसमा बालबालिकालाई स्वच्छिक रुपमा व्यवस्थापकीय भूमीका खेल्ने अवसर दिने,

(ग)बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनका लागि उनिहरुकै पहलमा बालहितकारी सूचना सामग्री, भितेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम संचालन गर्नमा आवश्यक स्रोतसाधन उपलब्ध गराउने,

(घ) बालबालिकाको पहलमा बाल संस्था तथा बालक्लब दर्ताको लागि निवेदा पर्न आएका आधारमा बालक्लब, बालसस्था वा बालक्लब संचालन दर्ता गरी प्रमाणपत्र निःशुल्क उपलब्ध गराउने र संचालनका लागि सहजिकरण गर्ने,

(ङ)बालक्लब तथा बालक्लब संचालनको नवीकरण गरिदीने र

(च)बालसहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र सुनुवाई हुने वातावरण सिर्जना गर्न कार्यक्रम तय गर्ने र संचालन गर्ने ।

परिच्छेद ६

स्थानीय बालअधिकार समितिको गठनः (१) स्थानीय तहमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने स्थानीय बालअधिकार समिति गठन हुनेछः

(क)नगरपालिकाको उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य मध्येबाट – अध्यक्ष

(ख)नगरकार्यपालिकाका महिला सहित सामाजिक विकास समितिको संयोजक २ जना – सदस्य

(ग)क्षेत्रभित्रका विदयालयका प्रधान अध्यापकहरुमध्यबाट १ जना – सदस्य

(घ)पत्रकार महासंघ र गैसस महासंघबाट प्रतिनिधी २ जना सदस्य

(ङ)क्षेत्रभित्रका बालचिकित्सक वा बालमनोविज्ञहरुमध्यबाट १ जना सदस्य

(च)स्थानीयतहका कानुन मामिला, शिक्षा, जनस्वास्थ्य प्रमुखमध्यबाट ३ जना सदस्य

(छ)स्थानीय बालसंजालबाट तोकेको बालिकासहित बाल प्रतिनिधी २ जना सदस्य

(झ)स्थानीय प्रशासन कार्यालय नेपाल सरकारबाट सदस्य

(ञ)बालअधिकार संरक्षण, बालन्याय कार्यको अनुभवी व्यक्ति वा सस्था बाट १ जना सदस्य

(ट)बालकल्याण अधिकारी वा महिला बालबालिका शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको पदावधि ३ वर्षको हुनेछ ।

११. स्थानीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार : (१) स्थानीय बालअधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क)समितिको दिर्घकालिन नीति, योजना र बार्षिक कार्यक्रम तथा बजेट स्विकृत गर्ने,

(ख)बालबालिकाको अधिकार सम्मान, संरक्षण, प्रर्वद्धन र परिपूर्तिका लागि आवश्यक स्थानीय नीति, कानुन, योजना,कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग)स्थानीयतहद्धारा संचालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ)स्थानीयतहभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारिरीक तथा मानसिक पिडा तथा बालयौन दुर्व्यवहार जस्ता सबै र व्यवस्थापनमा समन्वय, सहयोग र सहजिकरण गर्ने,

(ङ)आफ्ना स्थानीयतहभित्रको वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने,

(च)बालमैत्री स्थानीय शासनको अवलम्वनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको सिंगो नेतृत्व लिने,

(छ)बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज)स्थानीय तहमा एक आर्थीक वर्ष भित्रमा बालबालिका सम्बन्धी भए गरेका कार्यहरु र बालबालिकाको र उनको अधिकार, अवस्था समेट्ने गरि बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनलाई सार्वजनिक गरि प्रदेश सरकार र बालअधिकार परिषद र सम्बन्धीत मन्त्रालयमा पठाउने,

(झ)बालबालिकासम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखिरकरण तथा सूचना प्रणालीको विकास,संचालन, व्यवस्थापन र सुदृढिकरणमा सहयोग गर्ने,

(ञ)समीतिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउन विकास साझेदारहरुसँग सम्झौता गर्ने,परिचालन गर्ने,तालिम दिने तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहकार्य गर्ने,

(ट)स्थानीय तह मार्फत नेपाल सरकार अर्थमन्त्रालयको स्विकृती लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षिय विकास साझेदार एंव अन्तराष्ट्रिय संघसस्था प्राप्त सहायता बाट आवश्यकताअनुसार कार्यक्रम संचालन गर्ने,

(ठ)नेपाल सरकार, प्रदेश सरकार स्थानीय तहको स्विकृत लिई बाल संरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान संचालनमा सहयोग गर्ने,

(ड)स्थानीय तहमा बालबालिकाको खोजतलास केन्द्र तथा बालहेल्पलाईन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजिकरण गर्ने,

(ढ)धर्मपुत्र धर्मपुत्री लिनदिन चाहने दम्पती तथा व्यक्तिलाई समितिमा सुचिकृत गरी आन्तरीक धर्मपुत्र धर्मपुत्री लिनेदिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण)विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(त)ऐन,प्रचलित कानुन तथा मापदण्ड बमोजिम संचालन हुन नसकेका बालगृह,बाल सुधारगृह, अस्थाई संरक्षण सेवा केन्द्र, पुनःस्थापना सेवा केन्द्र तथा समाजीकीकरण केन्द्र बन्द तथा कार्वाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ)स्थानीय तहभित्र हुन सक्ने बाढी,पहिरो,हुरी वतास,सीतलहर र आगो जस्ता प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लुएञ्जा जस्ता महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार,संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(२)समितिले उपदफा (१) बमोजिम आफुलाई प्राप्त अधिकार मध्य केहि अधिकार आवश्यकता अनुसार वडास्तरीय बालअधिकार समिती वा बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

१२. स्थानीय बालअधिकार समीतिको बैठक सम्वन्धी व्यवस्थाः (१) स्थानीय बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :

(१) समीतिको बैठक कम्तिमा ३ पटक अध्यक्षले तोकेको मिती,समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउने छ ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने सूची दुई दिन अगावै समितीका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी उपस्थीत रहेमा समितीको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा अध्यक्षको आदेश अनुसार उपस्थीत सदस्य मध्ये जेष्ठताबमे क्रमअनुसार अध्यक्षता ग्रहणगरी बैठक बस्न सक्नेछ ।

(६) बैठकमा उपस्थीत सदस्यहरुको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्ने छ

(७) समितीको बैठकको निर्णय समितिको अध्यक्षबाट प्रमाणित गरीनेछ ।

(८) समितीको बैठक तथा संचालन खर्च स्थानीय तहको नियमअनुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य गतिविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितीले आफुले गर्न सक्ने कुनै काम सुचारु रुपले संचालन गर्नका निमित बाल मनोविज्ञ,समाजसेवी, समाजीक सेवाकर्ता, शिक्षक, चिकित्सक, बालक्लबका प्रतिनिधी, सामाजिक परिचालक तथा बाल अधिकारकर्मी मध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा ३ सदस्यीय उपसमिति वा कार्यटोली गठनगरी परिचालन गर्न सक्नेछ ।

(२)उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्य प्रकृति अनुसार काममा खटिएका वा काम गरे वापत टोली वा सदस्यले पाउने भता वा पारिश्रमीक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीय तहको प्रचलित नियमकानुन अनुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

(१४) वडा स्तरीय बालअधिकार समितिः

(१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछनः

(क) सम्बन्धित वडाको वडाअध्यक्ष अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सदस्य

(ग) वडा भित्रका बिध्यालय प्रधानाध्यापक वा निजले तोकेका फोकल शिक्षक मध्यबाट बढीमा ३ जना सदस्य

(घ)वडा स्तरीय बालसञ्जालले तोकेको १ जना बालीका सहित २ जना सदस्य

(ङ) वडा प्रहरी प्रमुख नेपाल प्रहरी सदस्य

(च)समाजसेवी, बाल मनोविज्ञान, बालअधिकार बाल न्यायका कार्यानुभवी ब्यत्ती मध्य बाट अध्यक्षले मनोनयन गरेका बढीमा ४ जना सदस्य

(छ) वडा कार्यालय सचिव सदस्य सचिव

(२) उपदफा (१) को खण्ड(च) बमोजिम मनोनित सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(३) समितिले आबश्यकता अनुसार समितिको सदस्य नरहेका वडासदस्य, वडास्तरीय बिध्यालय ब्यवस्थापन समिति वा संघ संस्थाका प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१५. वडा स्तरीय बालअधिकार समितिको काम कर्तब्य र अधिकारः

(१)वडा स्तरीय बाल अधिकार समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडा बाट प्रस्तावित हुने बालबालीका र बाल अधिकार सम्बन्धी योजना,नीति र कार्यक्रमहरुको बालअधिकारमा आधारीत सहभागितामुलक ढङ्ग बाट निर्माण गर्ने,

(ख) वडा तहमा बालअधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्रि बनाउने सबै प्रकृयाको नेतृत्व लिने,

(घ)वडातहमा बाल अधिकारको अवस्था अनुगमण तथा अध्यन अनुसन्धान गर्ने गराउने,

(ङ)बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संकलन गर्ने र राय सहित न्यायिक समितिमा पठाउने,

(च)बालबालिका सँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडा स्तरमा बालश्रम, बालविबाह, वेचविखन, ओसारपसार, वालवालीकाको विरुद्धहुने हिंशा,दुर्व्यवहार, शोषन अन्त्यका लागी बाल संरक्षण मापदण्ड तर्जुमागरि कार्यान्वयन गर्ने,

(ज) वडातहमा वाल अधिकारकालागि कार्यरत सरकारी निकाय, संघ संस्था परियोजना तथा सेवाहको नक्सांकन गर्ने,

(झ) वाल अधिकार संरक्षण तथा सम्वर्द्धनकालागि बहुपक्ष निकायहरु संग समन्वय तथा सहकार्य गर्ने,

(ञ) वडामा रहेका वाल क्लव, सञ्जाल समुहको सुचि तयार गरी स्थानीय वाल अधिकार समितिमा पेश गर्ने,

(ट) वडामा सञ्चालीत बालगृह, अस्थाईसंरक्षण सेवा केन्द्रको अनुगमण गरी स्थानीय वालअधिकार समितिमा प्रतिवेदन पेश गर्ने,

१६. वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः

वडा बालअधिकार समितिको बैठक सम्बन्धी व्यबस्था देहायबमोजिम निर्धारण गरिएको छ ।

(१) समितिको बैठक कम्तीमा वर्षको ४ पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउने छ ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचनासहित बठैकमा छलफल हुने विषयको सुचि तिन दिन अगाबै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्ने छ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिहत भन्दा बढी उपस्थित रहेमा समितिको बैठककालागी गनपुरक संख्या पुगेको मानिनेछ ।

(५)समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा अध्यक्षको आदेश अनुसार उपस्थितसदस्य मध्य जेष्ठताको क्रम अनुसार अध्यक्षता ग्रहण गरी बैठक बस्न सक्नेछ ।

(६)बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७)समितिको बैठकको निर्णय अध्यक्ष बाट प्रमाणित गरिनेछ ।

(८)समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९)बैठक सम्बन्धी अन्य गतिबिधी समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद७

बालकल्याण अधिकारी

१७. बाल संरक्षण अधिकारीको नियुक्तिः (१) स्थानीय तहले ऐनको दफा (१) को उपदफा (१) बमोजिम बाल संरक्षण अधिकारी नियुक्ति गर्नेछ ।

(२)उपदफा (१) बमोजिम बाल संरक्षण अधिकारीको नियुक्ति नभए सम्म स्थानीय तहले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृतस्तरको अन्य कुनै कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ ।

(३)उपदफा (१) अनुसार नियुक्त वा उपदफा (२) अन्तर्गत तोकीएको बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

(१८)बाल संरक्षण अधिकारीको काम, कर्तव्य र अधिकारः

बाल संरक्षण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहबाट स्विकृत नीति र योजना अनुरुप समिमतिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) स्थानीय तहभित्र स्थायी तथा अस्थाई रुपमा बसोवास गर्ने सवै बालवालिकाले प्राप्त गर्नुपर्ने हेरचाह,स्वास्थ्य,शिक्षा,संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलण,अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) स्थानीय तहमा जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसुरबाट पीडित वालवालिकाको तत्काल उद्धार मनोसामाजिक परामर्श,उपचार,अस्थाई संरक्षण,आमाबाबुलाई पारिवारीक सहयोग परिवारीक पुर्नमिलन तथा बैकल्पिक स्याहार लगायतको कार्य गर्ने

(ङ)खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिती समक्ष स्विकृतका लागी पेश गर्ने र स्विकृत कार्ययोजनालाई कार्यान्वयन गर्ने ।

(च)आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्र भित्र स्थाई ठेगाना भएका वालवालिकाको विवरण स्थानीय तहबाट स्विकृत गराई राष्ट्रिय बाल अधिकार परिषदमा उपलब्ध गराउने ।

(छ)बालबालिकाको विरुद्धको कसुरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानुनको विवादमा परेका बालबालिकाको अस्थाई तथा पारिवारीक संरक्षणकालागी प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज)ऐनको दफा ४९ बमोजिम स्थानीय तह भित्र भएको बैकल्पिक हेरचाह ब्यबस्था पुनर्स्थापना केन्द्र,अस्थाई संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकाको शैक्षिक प्रयोजनका लागी राखिएका मठ,गुरुकुल,गुम्बा,मदरसा,चर्च जस्ता आवासिय गृहको नियमित अनुगमण गरी सोको प्रतिवेदन स्थानीय बालअधिकार समिति तथा अन्य सम्बन्धीत निकायमा पेश गर्ने ।

(झ) स्थानीय तहमा भएका बालअधिकार उलङ्घनका घटनामा बालबालिकाको तत्काल उद्धार,राहत,संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षण वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि बैकल्पिक हेरचाह उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेस गर्ने ।

(ठ) बैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र नीजको चल अचल सम्पतिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियतको हकको उल्लघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानुन बमोजिम प्रकाशन गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बालअधिकार समितिको स्विकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष सम्पात भएको साठी दिनभित्र प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पेश गर्ने ।

(ढ) स्थानीय तहको योजना तर्जुमा प्रक्रियमा बालबालिका विशेषलाई प्राथमीकता दिन विशेष पहल गर्ने ।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

परिच्छेद ८

बालमानोविज्ञ, समाजसेवी तथा सेवाप्रदायक सम्बन्धी व्यवस्था

१९.समाजसेवी तथा बालमनोविज्ञको सूचिकरण तथा नियुक्तः

(१) स्थानीय तहका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञका रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बालअधिकार समिति समक्ष आफ्नो नाम सुचिकृत गराउनु व.पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सुचिकृत गर्नको निमित स्थानीय बालअधिकार समितीले आवश्यक कागजात तथा विवरण खुलाई सुचना गर्नेछ ।

(३) समाजसेवी तथा बालमनोनिज्ञका रुपमा काम गर्ने ईच्छुक व्यक्तिले सूचनामा तोकीएको बमोजिमका कागजात तथा विवरण सहित स्थानीय बालअधिकार समितिमा निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचअनुसार तोकीएको न्युनत्म योग्यता पुगेका निवेदकहरुलाई समाजसेवी र बालमनोविज्ञका रुपमा सुचिकृत गरी स्थानीय बालअधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ ।

(५) सुचिकृत समाजसेवी र बालमनोविद मध्यबाट सम्बन्धित क्षेत्रमा कामगर्ने समाजसेवी र बालमनोविज्ञको छनौट र नियुक्तिको प्रकृया, निजको काम कर्तव्य र अधिकार, पारिश्रामीक तथा अन्य सुविधा अन्य निकायको हकमा सम्बन्धित निकायका लागि तोकीयको वा तोकिय बमोजिम र स्थानीयतह अन्तर्गत कामको हकमा स्थानीय बालअधिकार समितिको सिफारिसमा स्थानीय तहले तोकीय बमोजिम हुनेछ ।

२०. सेवा प्रदायकको नक्साङ्कन तथा सूचीकरणः

(१) स्थानीय तहमा रहि बालबालिकाको हक हित र अधिकारको संरक्षण तथा सम्बर्द्धनमा काम गर्ने संस्थाहरुलाई स्थानीयतहले सुचिकृत गर्नुपर्नेछ

(२) उपदफा (१) बमोजिम सुचिकृत हुने संस्थाहरुले स्थानीय बालअधिकार समितिमा आवश्यक कागजात तथा विवरण साथ निवेदन गर्नेछन् ।

(३) उपदफा (२) बमोजिमका निवेदन तथा कागजातको जाँचवुझ बालअधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरुलाई सेवा प्रदायक निकायको रुपमा नगर बालअधिकार समितिले सुचिकृत गरेको सूचना प्रकाशन गर्ने छ ।

(४) उपदफा (३) बमोजिम सुचिकृत भएका निकायहरुलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गर्ने गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ ।

परिच्छेद ९

बालहित कोष संचालन तथा व्यवस्थापन

२१. **बालहित कोषः** (१) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेको तथा हिंसा पिडीत बालबालिकाको सहयोगार्थ स्थानीयस्तरमा एक बालहित कोष रहनेछ । उक्त कोषसम्बन्धी व्यवस्थापन स्वर्गद्वारी नगरपालिकाबाट स्थापना गरी सोही कार्यन्वयन कार्यन्वयन कार्यविधि निर्माण गरी सो बमोजिम हुनेछ ।

परिच्छेद १०

विविध

२२.**स्रोतको व्यवस्थापनः** स्थानीय तह तथा वडाले अधिकारको संरक्षण तथा सम्वर्द्धण कार्य सञ्चालन गर्न योजना निर्माण गरी योजनाको कार्यान्जयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

२३.**प्रोत्साहन पुरष्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब तथा संघसस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।